कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

प.स: २०८१/०८२
च.नं: २८२

मिति: २०८१/५/१४

**अभिलेखीकरण/ नियमित गर्न छुट भएका घर तथा भौतिक संरचनाहरुको अभिलेखीकरण/भवन नियमित गर्न समय अबधि थप सम्बन्धी सूचना।**

यस कालिका नगरपालिकाका नगरवासीहरुको सुविधालाई ध्यानमा राखी मिति २०८० साल श्रावण २४ गते तथा पुन; मिति २०८१ साल श्रावण ३१ गतेको नगर कार्यपालिकाको निर्णयानुसार कालिका नगरपालिका क्षेत्र भित्र नगरपालिका घोषणा हुनु पूर्व निर्माण सम्पन्न भएका भवन तथा भौतिक संरचनाहरु वा नगरपालिका स्थापना भईसकेपछि नगरपालिका स्वीकृति लिई वा नलिई नक्सा पास नभएको वा पास भएको नक्सामाँ स्वीकृति बेगर आफु खुशी हेरफेर गरि बनाएका, राष्ट्रिय भवन संहिता र मापदण्ड पालना गरि वा नगरि निर्माण सम्पन्न भएका घर तथा भौतिक संरचनाहरुको संरचनागत (Structural) सुरक्षाको जिम्मेवारी स्वंयम् घरधनीमा रहने गरि जमिनको सतह माथि देखिने घर तथा अन्य संरचनाहरुको कालिका नगरपालिकाको भवन निर्माण तथा नक्सा पास निर्देशिका, २०८० को दफा ४७ बमोजिम भवन अभिलेखीकरण/भवन नियमितको लागि नगरवासीहरुलाई पुन; मिति २०८१ साल पौष मसान्तसम्म समय अबधि थप गरि मौका दिईएको छ। यो सूचना प्रकाशन भएपछि नगरपालिकाको राजश्व उप-शाखामा रु.१०००/- नगद तिरि नक्सा किताब खरिद गरि नक्सा किताबको विवरणहरु भरि निम्न शर्तहरु पालना गर्ने गरि आवश्यक कागजातहरु संलग्न राखी घर वा अन्य भौतिक संरचनाहरुको नक्सा नगरपालिकाको कार्यालयमा पेश गर्नु हुन सम्पूर्ण सरोकारवाला नगरवासीहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**शर्त आवश्यक कागजातहरु :**

१. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि – १ प्रति
२. जग्गाधनी प्रमाण पूर्जाको प्रमाणित प्रतिलिपि – १ प्रति
३. जग्गाको नापी कार्यालयबाट कित्ता नम्बर स्पष्ट भएको नापी नक्साको प्रमाणित सक्कल ट्रेस नक्सा – १ प्रति
४. सम्बन्धित वडा कार्यालयबाट जग्गाको चारकिल्ला खुलेको विवरण – १ प्रति
५. चालु आर्थिक वर्षको सम्पति कर तिरेको रसिदको प्रतिलिपि – १ प्रति
६. जग्गाधनीको पासपोर्ट साईजको रंगिन फोटो – ३ प्रति
७. घरको स्पष्ट रंगिन फोटो (सबै दिशा छुट्टिने गरि)
८. यस कार्यालयमा सुचिकृत भएको Engineering Consultancy बाट तयार भएको A3 size को नक्सा-३ सेट
९. घर निर्माण अभिलेखीकरण/नियमित अभिलेख दर्ता बापतको राजश्व रकम नगरपालिकाको नक्सा पासको लागि तोकिएको दरमा घर नक्साको कुल क्षेत्रफलको आधारमा बुझाउनु पर्नेछ।
१०. घर नक्सा तयार गर्ने प्राविधिकको Nepal Engineering Council मा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्ने छ।
११. सम्बन्धित वडाको जनप्रतिनिधि र संधियार सहित पांच जना स्थानीयको रोहबरमा फिल्ड निरिक्षण गरि घर निर्माण शुरु तथा सम्पन्न भएको मिति खोलि तयार गरिने सर्जमिन मुचुल्का सहित सम्बन्धित वडा समितिको निर्णय र वडाको सिफारिश।
१२. रित पूर्वक पेश नभएका तथा नक्सा पास किताबको सम्पूर्ण विवरण नभरी पेश हुन आएका घर नक्साहरु अभिलेखीकरण/नियमित हुने छैनन्।
१३. भवन अभिलेखीकरण/नियमित लागि घर नक्सा पेश गरि अभिलेखीकरण/नियमित कार्य २०८१ साल पौष मसान्त सम्म भित्र गरि सक्नु पर्नेछ।

**देहायको घर/भवनहरु नगरपालिकामा घर अभिलेखीकारण हुने छैन।**

१.सार्वजनिक जग्गा, बाटो, कुलो आदि मिचि निर्माण गरिएको भवन तथा भौतिक संरचनाहरु नगरपालिकामा घर अभिलेखीकरण हुने छैन।)

२. २०७८ फाल्गुन १३ गते प्रस्चात् नगरपालिकामा नियमानुसार नक्सा पास प्रक्रियामा नछिरी भवन तथा भौतिक संरचनाहरु निर्माण शुरु गरि बाटोको अधिकार क्षेत्र मिचि निर्माण सम्पन्न भएका घर तथा भौतिक संरचनाहरु।

२०८१.५.१४
(चूडामणि शर्मा गौतम)
प्रमुख प्रशासकीय अधिकृत